# समाज कल्याण परिषद

## संघसंसथा आवद्धता तथा नविकरण सम्वन्धि निर्देशिका २०७१

(चौथो संशोधन–२०७७)

**प्रस्तावना :**

समाज कल्याण परिषद्द्वारा प्रदान गर्ने आवद्धता सेवा सम्बन्धी कार्यलाई अझ प्रभावकारी व्यवस्थित रुपले संचालन गर्न र संघ संस्थाहरु बीच समन्वय कायम गर्न प्रचलित ऐन कानून अनुरुप दर्ता भएका मुनाफारहित एवं जनहितकारी सामाजिक संघ संस्थाहरुलाई समाज कल्याण ऐन २०४९ को दफा १३ अनुसार समाज कल्याण परिषद्मा आवद्धता प्रदान गर्दै आइरहेको र सोहि परिप्रेक्ष्यमा परिषद्मा आवद्ध हुन चाहने संघ संस्थाहरुलाई आवद्धता गर्ने सम्बन्धमा समन्वय शाखाबाट संस्थाहरुलाई प्रदान गरिने सेवा बारे सम्वन्धित पक्षहरुलाई सुसुचित गर्न बान्छनीय भएकोले यो निर्देशिका तर्जुमा गरि जारि गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस निर्देशिकाको नाम **संघ संस्था आवद्धता निर्देशिका २०७१** रहेको छ ।

(ख) यो निर्देशिका परिषद्बाट स्विकृत भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः**

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

(क) "ऐन" भन्नाले समाज कल्याण ऐन २०४९ सम्झनु पर्दछ ।

(ख) "नियमावली" भन्नाले समाज कल्याण नियमावली २०४९ सम्झनु पर्दछ ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार महिला बालबालीका तथा जेष्ठ नागरिक मन्त्रालय सम्झनु पर्दछ ।¥

(घ) "परिषद्" भन्नाले समाज कल्याण ऐन २०४९ को दफा ५ बमोजिम गठित परिषद सम्झनु पर्दछ

(ङ) "कार्य सञ्चालन समिति" भन्नाले समाज कल्याण ऐनको दफा १० बमोजिम गठित कार्य सञ्चालन समिति सम्झनु पर्दछ ।

(च) "आवद्ध" भन्नाले समाज कल्याण ऐनको ०४९ को दफा १३ बमोजिम समाज कल्याण परिषद्मा आवद्ध संघ संस्था सम्झनु पर्दछ ।

(छ) "आवद्धता प्रमाण पत्र" भन्नाल संघ संस्थाहरु समाज कल्याण परिषद्मा आवद्ध भएपछि समाज कल्याण परिषद्बाट प्रदान गरिने प्रमाण पत्र सम्झनु पर्दछ ।

(ज) "विधान" भन्नाले संघ, संस्थाको विधान वा मुनाफा वितरण नगर्ने कम्पनीको प्रवन्धपत्र र नियमावली सम्झनु पर्दछ ।

(झ) "कार्य समिति" भन्नाले संघ, संस्थाको कार्य समिति सम्झनु पर्दछ ।

(ञ) "शाखा" भन्नाले समन्वय शाखा सम्झनु पर्दछ ।

(ट) "संघ संस्था वा संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको गैर सरकारी संस्था वा मुनाफा वितरण नगर्ने कम्पनी समेत सम्झनु पर्दछ ।



© प्रथम संशोधन २०७२
® दोस्रो संशोधन २०७२
€ तेस्रो संशोधन २०७३
¥ चौथो संशोधन २०७७

(ठ) "कार्य क्षेत्र" भन्नाले संघ संस्थाले सेवा वा कार्य गर्ने क्षेत्रलाई सम्झनु पर्दछ ।©

(ड) "निस्कृय" भन्नाले परिषदले तोकेको समय अवधि सम्म संस्थाका कृयाकलाप झल्कने कागजातहरु संस्था नविकरणको विवरण, लेखा परिक्षण प्रतिवेदन र बार्षिक प्रगति प्रतिवेदन सहितको विवरण परिषदमा पेश नगर्ने संस्थालाई जनाउने छ ।©

३. **उद्देश्यः**

प्रचलित कानून अनुसार दर्ता भई समाज कल्याण ऐन २०४९ बमोजिम परिषद्मा आवद्ध हुन आउने सामाजिक संघ संस्थालाई समाज कल्याण ऐन २०४९ तथा समाज कल्याण नियमावली २०४९ बमोजिमको प्रावधान तथा शर्तहरु पालना गराउने तथा आवद्धताको लागी आवश्यक पर्ने विवरण/कागजातहरु, आवद्धताको प्रकृया, शाखाबाट प्रदान गरिने सेवाहरु र आवद्धता दस्तुर लगायतका वारेमा जानकारी गराई संस्था आवद्धता सम्वधि सेवा कार्यलाई छिटो छरितो एवम् सहजरुपमा प्रदान गर्ने यसको उद्देश्य रहेको छ ,

४. **संमन्वय शाखाबाट प्रदान गरिने सेवाको प्रकारहरुः**

(क) संघ संस्थाहरुलाई आवद्ध प्रदान गर्ने ।

(ख) आवद्धता प्रमाणपत्रको प्रतिलिपि प्रदान गर्ने ।

(ग) संस्थाको संशोधित नाम अनुसार कायम गरी आवद्धता प्रमाणपत्रमा प्रदान गर्ने ।

(घ) कर छुटमा दर्ता हुन सिफारिस प्रदान गर्ने ।

(ङ) संस्थाहरुको माग अनुरुप संस्थाहरुले विभिन्न निकायमा पेश गर्ने कार्य प्रस्ताव पेश गर्न सम्वन्धमा सिफारिस प्रदान गर्ने ।

(च) जग्गा खरीद गर्दा रजिष्ट्रेशन पारीतमा लाग्ने दस्तुर मिनाहा गर्ने सम्वन्धी सिफारिस प्रदान गर्ने ।

(छ) संस्थाहरुले जग्गा प्राप्त गर्ने सम्बन्धमा मन्त्रालयमा सिफारिस गर्ने ।

(ज) सामाजिक संघ संस्थाहरुको आबद्धता, नवीकरण, अद्यावधिक तथा अलग/खारेजी गर्ने ।¥

४.१. आबद्धता :¥

क) प्रचलित कानुन बमोजिम दर्ता भएको कुनै पनि सामाजिक संघसंस्थाहरुले चाहेमा परिषदमा आबद्ध हुन सक्नेछन् ।

ख) प्रचलित कानुनमा वैदेशिक सहायता सम्बन्धी अन्यथा व्यवस्था भएकोमा बाहेक बैदेशिक सहयता लिई सामाजिक काम गर्ने वा मुनाफा वितरण नगर्ने सबै सामाजिक संघसंस्थाहरु समाज कल्याण परिषदमा आबद्ध हुनुपर्नेछ ।

## ५. समन्वय शाखाबाट प्रदान गर्ने सेवाहरुको लागि, आवश्यक कागजपत्रहरु :

## ५.१ आवद्धताको लागि संघ संस्थाले परिषद्मा निवेदन साथ पेश गर्नुपर्ने कागजपत्रहरुको विवरण ।

(क) परिषदमा आबद्ध हुने सामाजिक संघ संस्थाले दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि, दर्ता वा नविकरण गर्ने संस्थाको निर्णय, संस्थाका पदाधिकारी आउन नसक्ने भएमा संस्थाको तर्फबाट अख्यितारनामा/मंजूरीनामा र असोज मसान्त भित्रको हकमा अघिल्लो आ.व. र असोज



© प्रथम संशोधन २०७२
® दोस्रो संशोधन २०७२
€ तेस्रो संशोधन २०७३
¥ चौथो संशोधन २०७७

मसान्तपछिको हकमा सोही आ.व सम्मको उक्त संस्था दर्ता रहेको निकायको नविकरण प्रतिलिपी ।¥

(ख) संघ, संस्थाको दर्ता प्रमाण पत्रको छाया प्रति र सक्कल विधान वा नेपाल नोटरी पव्लिकले प्रमाणित गरेको विधानको प्रतिलिपी तथा मुनाफा वितरण गर्ने समाजसेवा गर्ने कम्पनीको हकमा नेपाल नोटरी पव्लीकले प्रमाणित गरेको कम्पनीको दर्ता प्रमाणपत्र, प्रवन्ध पत्र र नियमावली प्रतिलिपि ।©

(ग) मुनाफा वितरण नगर्ने संघ संस्थाको कम्पनीको संस्थापक वा कार्य समिति वा संचालक समितिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

(घ) मुनाफा वितरण नगर्ने संघ संस्था (कम्पनीको) तर्फबाट आवद्ध गर्नआउने व्यक्तिलाई दिएको अख्तियार दिएको सम्वन्धको कार्य समिति वा संचालक समितिको निर्णयको प्रतिलिपि ।

(ङ) संघ, संस्था वा मुनाफा वितरण नगर्ने कम्पनी परिषदमा आवद्ध गर्न सम्वन्धित संस्थाको कार्य समितिको पदाधिकारी वा सदस्यले आवश्यक कागज संलग्न गरी परिषद्मा निवेदन दिनु पर्नेछ ।

(च) त्यस्तैगरी मुनाफा वितरण नगर्ने कम्पनीको हकमा सोही अनुरुप सञ्चालक समितिको सदस्यले निवेदन दिनु पर्नेछ ।

(छ) संस्था आवद्धताको लागि कार्य समितिका सदस्य । पदाधिकारिरी वा संचालक समितिका सदस्य । पदाधिकारी उपस्थित हुने नगरेमा मञ्जुरीनामा दिनु पर्नेछ ।

(ज) संस्था आवद्धताका लागि दर्ता प्रमाणपत्र नविकरणको मिति समाप्त भएको मितिले ३ महिना सम्म आवद्धता गर्न सहुलियत दिइने छ । राष्ट्रिय तथा प्राकृतिक विपद्को एवं आपतकालिन परिस्थितीमा ६ महिना सम्म यस्तो सहुलियत प्रदान गरिनेछ ।¥

**५.२ आवद्धता : परिषदमा आवद्ध हुन आउने संघ संस्थाहरुलाई देहायको प्रकृया अनुरुप आवद्धता प्रमाणपत्र प्रदान गरिनेछ ।**

(क) नेपालको प्रचलित कानून बमोजिम दर्ता भएको मुनाफा रहित सामाजिक संघ संस्थाले तोकिएको ढाँचामा विधान र आवश्यक कागजपत्र सहित तोकेको दस्तुर भुक्तानी गरी परिषदमा आवद्धताको लागि निवेदन दिनु पर्ने पर्नेछ ।©

(ख) उपनियम (क) बमोजिम रितपुर्वकको आवेदनलाई योजना कार्यक्रम विभागका निर्देशक वा संधसंस्था/समन्वय हेर्ने उपनिर्देशक निजहरुको अनुपस्थितीमा प्रशासन विभागको तोकिएको उपनिर्देशकले आवद्धता दिने नदिने निर्णय गर्नेछन् ।©

(ग) आवद्धता वहाल रहेको अवधि समाप्त भएको मितिले ३ महिना भित्र तोकिए वमोजिमको दस्तुर तिरी आवद्धताको प्रमाणपत्र नविकरण गराउनु पर्ने छ । म्याद नाघेपछि कुनै संस्थाले म्याद नाघी नवीकरण हुन नसके तोके वमोजिमको दस्तुर लिई नविकरण गरिने छ ।¥

(घ) संस्था आवद्धता नविकरणका लागि आउने सामाजिक संघ संस्था तथा कम्पनीले ३/३ वर्षको प्रगतिप्रतिवेदन, लेखापरिक्षण प्रतिवेदन, चालु आ.व.को संस्था नविकरण र मुनाफा वितरण नगर्ने कम्पनीको हकमा गत आ.व. सम्म अध्यावधिक भएको हुनु पर्नेछ तथा बैदेशिक सहयोग लिई कार्यक्रम संचालन गरेको भए कार्यक्रम स्वीकृती पत्र तथा कुनै दातृ निकायसंग साझेदारीमा काम गरेको भएमा सम्झौताको प्रतिलिपी पेश गर्नु पर्ने छ । सामाजिक संघ संस्थाहरुले माथि भनिएका आबश्यक कागजपत्रहरु परिषदको कार्यालयमा बिद्युतीय माध्यमबाट पनि बुझाउँन सकिने छ ।¥



© प्रथम संशोधन २०७२
® दोस्रो संशोधन २०७२
€ तेस्रो संशोधन २०७३
¥ चौथो संशोधन २०७७

(ङ) परिषदमा आवद्धता प्रमाणपत्र नविकरण गर्न आउने संघसंस्थाहरु तथा कम्पनीले वर्तमान कार्य समितिका पदाधिकारी तथा सदस्यहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपी र संचालक तथा कार्यसमितिका सम्पूर्ण सदस्य तथा पदाधिकारीहरुको नाम ठेगाना, सम्पर्क नं. स्पष्ट खुलाई पेश गर्नु पर्ने छ ।¥

(च) परिषदमा आवद्धता प्रमाण पत्र लिई सकेका संध संस्थाहरुले आफुले प्राप्त गरेको सक्कल प्रमाणपत्रमा सरकारी निकाय वाहेक अन्य कुनै किसिमको दस्तखत, छाप, होलो ग्राम लगायत कुनै व्यहोरा थपघट गर्न पाइने छैन । गरिएमा उक्त प्रमाणपत्र परिषदले रद्ध गरि तोकिएको दस्तुर लिई प्रतिलिपी दिइने छ ।¥

**५.३ संघ संस्था आवद्ध भए पछि पेश गर्नु पर्ने कागजहरु :**

(क) संघ संस्थाको संस्था नबिकरण भएको प्रमाणपत्रको, बार्षिक प्रगति प्रतिबेदन, लेखापरिक्षण प्रतिबेदन र बार्षिक साधारण सभाको प्रतिलिपी ।

(ख) उपनियम (क) बमोजिमका परिषद्संग आवद्धता भएका संघसंस्थाहरुले प्रत्येक तीन बर्षमा परिरषद्मा नविकरण गर्नु पर्नेछ । यसरी नविकरण गर्दा रु तीन हजार शुल्क परिषद्लाई भुक्तानी गर्नु पर्नेद्ध ।€

(ग) उपनियम (क) र (ख) मा जे सुकै लेखिएता पनि नेपाल सरकारको निकायहरुवा बैदेशिक सहयोगमा कार्यक्रम संचालन गरेको भए परिषदले आवद्धता कायम राख्न सक्नेछ । गैर सरकारी सामाजिक संघ संस्थाहरुले परिषदमा आवद्धता नहुदै बैदेशिक सहयोगमा कार्यक्रम संचालन गरि सकेको भए, त्यस्ता संस्थाहरु परिषद्मा आवद्धता हुन चाहेमा गरेको कार्यक्रमको परिषदबाट अनुगमन तथा मुल्याँङकन गरि प्राप्त प्रतिवेदनका आधारमा आवद्धता प्रदान गरि अनुमोदन प्रकृयामा लगिनेछ ।®€

**५.४ संघ संस्था आवद्धताको लागि तथा अन्य सेवाको लागिको लागि लाग्ने दस्तुर :**

सामाजिक संघ संस्था तथा मुनाफा बितरण नगर्ने कम्पनीहरुका लागि लाग्ने परिषदमा आवद्धता शुल्क, नविकरण शुल्क, प्रमाण पत्र प्रतिलिपि शुल्क तथा अन्य सेवा शुल्क तपशिल बमोजिम हुनेछ ।

क) संघ संस्था आवद्ध गर्न लाग्ने दस्तुर रु १,५००/- (एकहजार पाँचसय) लाग्नेछ । मुनाफा बितरण नगर्ने कम्पनीहरुका लागि लाग्ने परिषदमा आवद्धता दस्तुर रु ५,०००/- ( पाँच हजार )लाग्ने छ।

(ख) संस्थाको नाम संसोधन गर्न र आवद्धताको प्रमाणपत्रको प्रतिलिपिको लागि दस्तुर रु ५००/- ( पाँच सय) लाग्ने छ ।¥

**५.५ संघ संस्थाहरुले पालना गर्नुपर्ने सर्तहरु :**

(क) संघ संस्थाहरुसमाज कल्याण कार्य गर्ने उद्देश्यले स्थापना भएको हुनुपर्ने ।

(ख) संस्थाको साधारण सदस्यता खुला हुनुपर्ने ।

(ग) संस्थाको विधानमा कार्य समितीको नियमीत आवधिक निर्वाचन गर्ने व्यवस्था हुनुपर्ने ।

(घ) वार्षिक साधारण सभा गरि, साधारण सभाबाट कार्य समितीले पेश गरेको वार्षिक कार्यक्रम र वार्षिक बजेट स्विकृत गर्ने व्यवस्था हुनुपर्ने ।



© प्रथम संशोधन २०७२
® दोस्रो संशोधन २०७२
€ तेस्रो संशोधन २०७३
¥ चौथो संशोधन २०७७

(ङ) वार्षिक प्रगति प्रतिवेदन, लेखा परिक्षण प्रतिवेदन सहित नविकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत स्थानिय अधिकारीकोमा र स.क.प. मा पेश गर्ने भन्ने व्यवस्था हुनुपर्ने ।

(च) संस्थाको विधानमा संस्थाका पदाधिकारी एवम् सदस्य उपर अविश्वासको प्रस्ताव राख्ने, त्यस्ता पदाधिकारी एवं सदस्य लाई आफ्नो सफाईको मौका प्रदान गर्ने मनासिब माफिकको अबसर दिने प्राबधान हुनुपर्ने ।

(छ) संस्थाको कार्य समिती उपर वा कुनै पदाधिकारी वा सदस्य उपर अविश्वासको प्रस्ताव पारित भएमा अर्को तदर्थ कार्य समिती गठन गर्ने वा अर्को पदाधिकारी एवं कार्य समितीको सदस्य चयन गर्ने प्राबधान हुनुपर्ने ।

(ज) संस्थाको आजीवन सदस्य लगाएत सबै साधारण सदस्यले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सबै तहको निर्वाचनमा भाग लिन पाउने व्यवस्था हुनुपर्नेछ । तर निर्वाचनमा भाग लिनका लागि निश्चित समयावधि तोकिएको भएमा यस नियमसंग बाझिएको मानिने छैन ।

(झ) एक भन्दा धेरै शाखा वा तह भएका संस्थाहरुको हकमा प्रारम्भिक तह निर्वाचन गरे पछी मात्रै माथिल्लो तहको निर्वाचन गर्ने प्राबधान हुनुपर्ने छ ।

(ञ) संस्थाको लाभांस बितरण नगरिने र नहुने व्यवस्था हुनु पर्ने छ ।

(ट) संस्था/कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भएका निर्वाचित वा मनोनित पदाधिकारी वा सदस्यले संस्थाबाट नियमित बेतन लिन नहुने तर संस्थाले संचालन गरेको परियोजना/कार्यक्रममा निश्चित जिम्मेवारी पुरा गरे वापत पारिश्रमिक लिनलाई रोक लगाएको मानिने छैन ।©

(ठ) संस्थाको नाममा वैंक खाता हुनुपर्ने र वैंक खाता संचाालनमा कोषाध्यक्षको हस्ताक्षर अनिवार्य हुनुपर्ने ।

**५.६ संघ संस्थाहरुले उत शर्तहरुको अलवा विधानमा उल्लेख गर्नुपर्ने प्रावधानहरु :**

(क) संस्थाको विधानमा संस्था जनहितकारी मुनाफारहित सामाजिक संस्था हो भन्ने प्रावधान हुनु पर्नेछ ।

(ख) मुनाफा वितरण नगर्ने कम्पनीको हकमा कम्पनी मुनाफा वितरण नगर्ने र सामाजिक सेवा गर्ने भन्ने वुंदा त्यस कम्पनीको प्रवन्धपत्र वा नियमावलीमा उल्लेख भएको हुनु पर्ने ।

(ग) संघ संस्थाहरुको विधानमा मानार्थ सदस्यहरुलाई मताधिकार नहुने, सदस्यताको योग्यतामा नेपाली नागरिक हुनु पर्ने र प्रचलित कानून बमोजिमको उमेर उल्लेख भएको हुनुपर्ने ।

(घ) संघ संस्थाको विधानमा कार्य समितिको काम कर्तव्य अधिकार र वार्षिक साधारण सभाको काम कर्तव्य अधिकार उल्लेख गरी साधारण सभाको काम कर्तव्य अधिकारमा कार्य समितिले पेश गरेको वार्षिक बजेट र कार्यक्रम स्विकृत गर्ने व्यवस्था हुनु पर्ने ।

(ङ) संघ संस्थाको विधानमा साधारण सभा अन्तर्गत कार्य समितिको पदाधिकारी निर्वाचन सम्वन्धि व्यवस्था तथा स.क.प. ऐन ०४९ दफा १६ बमोजिम संस्थाले वैदेशिक अनुदान लिनु पूर्व समाज कल्याण परिषद्को स्वीकृति लिनु पर्ने वुंदा हुनुपर्ने ।

(च) संस्था खारेज गर्दा बाँकी भएको सम्पत्ति नेपाल सरकारको हुने व्यवस्था हुनु पर्ने ।

(छ) संस्थाको विधानमा संस्थापकहरु वा कार्य समिति पदाधिकारी सदस्यहरु राज्यको नीति नियमानुसार भएको हुनुपर्ने ।



© प्रथम संशोधन २०७२
® दोस्रो संशोधन २०७२
€ तेस्रो संशोधन २०७३
¥ चौथो संशोधन २०७७

(ज) मुनाफा वितरण नगर्ने कम्पनीको हकमा आवद्ध हुन आएको आ.व. मा दर्ता भएको वा सम्वन्धीत कार्यालयबाट अध्यावधिक भएको विवरण पेश गर्नुपर्ने ।

(झ) उल्लेखित नियम ५.५ को शर्तहरु तथा नियम ५.६ (क देखि ज सम्मको) प्रावधानहरु बिधानमा नभएका संघ संस्थाहरुले तोकेको म्याद भित्र आ-आफ्नो बिधान नियमानुसार संसोधन गरी उल्लेखित प्रावधान उल्लेख गरी पेश गर्नुपर्नेछ ।

**५.७ आवद्धता प्रमाणपत्रको प्रतिलिपि प्रदान गर्ने सम्वन्धमा संस्थाले पेश गर्नु पर्ने कागजातहरु सम्वन्धी व्यवस्था र सेवा :**

(१) वहाल रहेको कार्य समिति वा सञ्चालक समितिको निर्णयको प्रतिलिपि ।

(२) निवेदन पत्र संस्थाको लेटर प्याडमा ।

(३) कार्य समिति वा सञ्चालक समितिका सदसय । पदाधिकारीहरु हुनु पर्ने सो सम्वन्धमा अख्तियार दिएको निर्णयको प्रतिलिपि ।

(४) परिषदले तोके बमोजिम दस्तुर बुझाएको रसिद ।

(५) उक्त नियम ५.३ र.५.६ (झ) बमोजिमको कागज वुझाउन बाँकी भएमा सो कागज वुझाउनु पर्नेछ ।

(६) उपरोक्त बमोजिम रितपूर्वक सवै कागजात पुगेका संस्थाहरुलाई मात्र निवेदन दिएको मितिले ३ दिन भिन आवद्धताको प्रमाण पत्रको प्रतिलिपी उपलव्ध गराईनेछ ।

**५.८ संशोधित नामबाट प्रमाणपत्र दिने सम्वन्धमा आवश्यक कागजपत्रहरु र सेवा :**

(क) नाम संशोधन भएको देखिने जिल्ला प्रशासन कार्यालयको स्वीकृती भएको संशोधित विधान ।

(ख) नाम संशोधन भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि वा जिल्ला प्रशासन कार्यालयको पत्र

(ग) उक्त नियम ५.३ र ५.६ (झ) बमोजिमको कागज वुझाउन बाँकी भएमा सो कागज वुझाउनु पर्नेछ ।

(घ) उक्तानुसार कागजपत्रहरु संलग्न गरी संस्थाहरुले निवदेन दिएको मितिले दिन तिन भित्र संशोधित नामबाट आवद्धताको प्रमाण पत्र दिनेछ ।

(ङ) नियम (५.५) र नियम (५.८) को उपनियम (क) (ख) र (घ) बमोजिमको सर्तहरु पालना नभए आवश्यकता अनुसार चेतावनी जानकारी वा स्पष्टिकरण माग गर्ने ।©

**५.९ समन्वय शाखाले गर्ने सिफारिस सम्बन्धमा संस्थाले पेश गर्नुपर्ने कागजपत्रहरु र प्रदान गर्ने सेवा ।**

(क) कर छुटको रुपमा दर्ताकोलागि सिफारिस माग गरेमा वा कुनै निकायमा कार्य प्रस्ताव पेश गर्न सिफारिस माग गरेमा वा संस्थाहरुले जग्गा खरीद गर्दा रजिष्ट्रेशन पारीतमा लाग्ने दस्तुर मिनाहा गर्ने सम्वन्धी र संस्थाहरुले जग्गा पाउन सम्बन्धित मन्त्रालयमा सिफारिस माग गरेमा एवम् अन्य कुनै कामको लागि सिफारिस माग गरेमा निवेदन साथ उक्त नियम ५.३ र ५.६.(झ) बमोजिमको कागज वुझाउन बाँकी भएमा सो कागज वुझाउनु पर्नेछ ।

(ख) सो अनुरुप संस्थाले निवेदन दिएको मितिले तिन दिन भित्रमा उक्त सेवा प्रदान गर्नेछ ।

**५.१० सामाजिक संधसंस्थाहरुले संचालन गर्ने कृयाकलापका आधारमा कार्य निम्न अनुसार क्षेत्र तोकिनेछ ।**

(क) सामाजिक संधसंस्थाहरुको विधान भएको उदेश्य संग मेल खाने गरी संचालन गर्ने गतिविधी र कृयाकलापका आधारमा कृयाकलाप क्षेत्र विभाजन गरिनेछ ।



© प्रथम संशोधन २०७२
® दोस्रो संशोधन २०७२
€ तेस्रो संशोधन २०७३
¥ चौथो संशोधन २०७७

(ख) सबै सामाजिक संधसंस्थाहरुले आवद्धताको आवेदन गर्दा तोकिएको कुनै एक मात्र कार्यक्षेत्र (गतिविधी) खुलाउनु पर्नेछ । कार्यक्षेत्र खुलाउँदा विधाको उदेश्य विपरित हुने छैन ।©

**५.११ विधानको प्रतिलिपी दिने व्यवस्थाः** सामाजिक संध संस्थाहरुको माग बमोजिम रु.५००।-(अक्षरुपी पाँचसय एक मुष्ठलिएर विधानको फोटोकपी दिने र दोश्रो पटक प्रतिलिपी माग भएमा उल्लेखित दस्तुरको दोव्वर दस्तुर लिइनेछ ।©

**५.१२** आवद्धताको प्रमाणपत्र तोकिएको समयमा बुझी नलगे स्वत रद्ध हुनेः-

(क) आवद्धता स्विकृति भएको ३५ दिन भित्र आवद्धता प्रमाणपत्र र पत्र बुझी नलगे स्वतः रद्ध भएको मानिनेछ ।

(ख) उप नियम (क) बमोजिम रद्ध संस्थालाई अभिलेखबाट हटाइनेछ ।

(ख.१) उपनियम (क) र (ख) बमोजिम रद्ध संधसंस्थाहरु पुनः आवद्ध हुन चाहेमा पुन नयाँ प्रकृया थालनी गर्नु पर्नेछ ।

(ग) दफा (क), (ख) र (ग) बाहेक आवद्धता खारेज संधसंस्थाको हकमा कार्यसंचालन समितिको निर्णय अनुसार हुनेछ ।

५.१३ एकै नामका दुई भिन्दाभिन्दै स्थानमा (जिल्ला प्रशासन कार्यालय तथा कम्पनी रजिष्टारको कार्यालय) दर्ता भएका एकै व्यवस्थापनका पदाधिकारी सदस्य भएका संस्थाहरु मध्ये प्रथम आवेदकलाई मात्र परिषदमा आवद्धता दिईने छ ।©

५.१४ एकै आवद्धता नम्वर भएका संस्थाहरुको आवद्धता नम्वर मिलान गर्ने :- एकै आवद्धता नम्वर एक भन्दा बढि संस्थाहरु भएमा त्यस्तो आवद्धता नम्वर क,ख,ग, र घ उप नम्वर कायम गरि मिलान गर्ने ।©

५.१५ घुम्ति वा त्यस्तै प्रकृतिबाट कायम हुने आवद्धता नम्वरलाई मुख्य अभिलेखमा यथावत अवस्था नम्वर कायम गरी प्रविष्ठ गर्ने ।©

५.१६ निष्कृय संस्थाका आवद्धता निष्कृय नम्वरहरु निष्कृय रहने :-

(क) परिषदले निष्कृय भनि तोकिएका संस्थाहरुको आवद्धता नम्वर स्वत निष्कृय रहनेछ ।©

६. **निर्देशिकाको पालना :** यो निर्देशिकाको पालना समाज कल्याण परिषद्का कर्मचारीहरु र सम्वन्धित संघ संस्थाहरुले गर्नु पर्नेछ ।

७. **संशोधन :** यो निर्देशिकाको संशोधन गर्न आवश्यक भएमा परिषदको कार्य संचालन समितिको सिफारीसमा परिषदले गर्नेछ ।¥

८. **वाधा/अडकाउ फुकाउः** यस निर्देशिकामा कुनै कुरा स्पष्ट नभएमा तथा वाधा अड्काउ भएमा वाधा/अड्काउ फुकाउने अधिकार तथा व्याख्या गर्ने अधिकार परिषद्को कार्य संचालन समितिलाई हुनेछ ।

९. **खारेजी र बचाउः** यस निर्देशिकामा उल्लेखित व्यहोराहरुमा कुनै व्यहोरा वहाल रहेको समाज कल्याण ऐन तथा समाज कल्याण नियमावलीसंग बाझिन गएमा बाझिएको हद सम्म स्वतः खारेज हुनेछ र यस पूर्व संघ संस्था आवद्धता समेत सम्वन्धमा परिषद्बाट भएका सेवा तथा कार्यहरु यसै बमोजिम भएको मानिनेछ ।

* समाप्त *



© प्रथम संशोधन २०७२
® दोस्रो संशोधन २०७२
€ तेस्रो संशोधन २०७३
¥ चौथो संशोधन २०७७